# महालेखापरीक्षकको कार्यालय
# Office of the Auditor General
संघीय मामिला तथा सामान्य प्रशासन महानिर्देशनालय

Phone: 4258174
4266034
4255707
A.G. Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाडौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal


पत्र संख्या: २०७५/७६ मिति: २०७५/१२/२९

च.नं.

विषयः लेखापरीक्षण प्रतिवेदन ।

**श्री प्रमुखज्यू/अध्यक्षज्यू,**
**नगर/गाउँ कार्यपालिकाको कार्यालय,**

नेपालको संविधानको धारा २४१ बमोजिम त्यस कार्यपालिकाको आर्थिक वर्ष २०७४/७५ को लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) बमोजिम यो प्रतिवेदन जारी गरिएको छ । उक्त प्रतिवेदन लेखापरीक्षण ऐन, २०७५ को दफा २०(३) र दफा २२ बमोजिम कारवाहीको लागि अनुरोध छ ।

(सुवर्णप्रसाद ढकाल)
नायब महालेखापरीक्षक

# महालेखापरीक्षकको सन्देश



टंकमणि शर्मा, दंगाल
महालेखापरीक्षक

नेपालको संविधानको धारा २४१ बमोजिम संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालय र लेखापरीक्षण ऐन, २०७५ को दफा १० बमोजिम पूर्णस्वामित्व भएको संगठित संस्थाको नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षणको क्रममा ऐनको दफा ४ बमोजिम महालेखापरीक्षकले ती निकायको एक एक गरी वा बीच बीचमा छड्के वा केही प्रतिशतमात्र परीक्षण गर्ने गरी लेखापरीक्षणको तरिका, क्षेत्र र अवधि तोकी लेखापरीक्षण गर्न, त्यसबाट प्राप्त तथ्य दर्शाउन, आलोचना गर्न र आर्थिक विवरणउपर रायसहितको प्रतिवेदन जारी गर्न सक्ने कानूनी व्यवस्था छ ।

यस वर्ष ७५३ वटा स्थानीय तहमध्ये ७४७ स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी देखिएका व्यहोराको सारांश महालेखापरीक्षकको ५६ औं वार्षिक प्रतिवेदनमा समेत समावेश गरिएको छ । ६ वटा स्थानीय तहको लेखा स्रेस्ता पेश नभएकाले लेखापरीक्षण सम्पन्न हुन सकेन । आर्थिक कारोबार, वित्तीय व्यवस्थापन, कार्यक्रम सञ्चालन, कानूनको पालना सम्बन्धमा गर्नुपर्ने सुधार र असुल फर्छ्यौट गर्नुपर्ने विषय समावेश गरी प्रत्येक स्थानीय तहलाई बेग्लाबेग्लै लेखापरीक्षण प्रतिवेदन दिने व्यवस्था मिलाएको छु । लेखापरीक्षणका क्रममा अन्तर्राष्ट्रिय मान्यता, लेखापरीक्षण मानदण्ड, निर्देशिकाबमोजिम प्रचलित ऐन, कानून, निर्णय समेतका आधारमा परीक्षण मूल्याङ्कन गरिएको छ । प्रदेश र जिल्ला स्तरीय छलफल तथा अन्तरक्रिया कार्यक्रममा स्थानीय तहका प्रमुख, लेखाउत्तरदायी अधिकृत तथा अन्य पदाधिकारीबाट प्राप्त सूचना र सुझावलाई प्रतिवेदन तयार गर्दा ध्यान दिइएको छ ।

आर्थिक वर्ष २०७४।७५ को स्थानीयतहको लेखापरीक्षणबाट मूलतः पारित भएका कानूनहरु स्थानीय राजपत्रमा प्रकाशित नभएको, दरबन्दी बमोजिम कर्मचारीको पदपूर्ति नभएको, सार्वजनिक खरिद ऐनको पालना नभएको, प्रदेश कानूनले तोकेभन्दा फरक/विपरीत पदाधिकारीलाई सेवा सुविधा भुक्तानी गरेको, योजना छनौट, सञ्चालन र भुक्तानीमा समस्या देखिएको, वितरणमुखी र अनुत्पादक क्षेत्रमा खर्च भएको, आन्तरिक आय तथा राजस्व सङ्कलन व्यवस्थित नदेखिएको, आन्तरिक आयको तुलनामा अत्यधिक प्रशासनिक खर्च भएको, आन्तरिक लेखापरीक्षण प्रभावकारी नभएको, आन्तरिक नियन्त्रण प्रणाली व्यवस्थित नभएको, वित्तीय जवाफदेहिताको स्तरमा सुधार गर्नुपर्ने जस्ता ब्यहोराहरु रहेका छन् ।

लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) अनुसार महालेखापरीक्षकले प्रत्येक गाउँपालिका र नगरपालिकाको लेखापरीक्षण सम्पन्न गरी सकेपछि अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने र ऐनको दफा २०(३) मा स्थानीय तहको प्रचलित कानूनबमोजिम गाउँसभा वा नगरसभामा पेश गरी छलफल गर्नुपर्ने व्यवस्था छ । स्थानीय तहको लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएका व्यहोरा उपर छलफल गरी टुङ्गो लगाउँदा लेखापरीक्षणको मूल्य मान्यता एवं स्वार्थ बाझिने व्यवहार नहुने आस्वस्ततासँगै स्थानीय तहको प्रतिवेदन कार्यान्वयनको सुनिश्चितताको अपेक्षा गर्दछु । यो स्थानीय तहको सम्बन्धमा दोस्रो प्रतिवेदन हो । संघीय प्रणाली अन्तर्गत स्थानीय तहमा सार्वजनिक स्रोतको समुचित उपयोग गर्दै विकास निर्माण र सेवा प्रवाहका कार्यलाई उत्कृष्ट नमूनाको रुपमा सञ्चालन गर्न अवसर प्राप्त भएको छ । यद्यपी नयाँ संरचनामा भौतिक, वित्तीय तथा जनशक्ति अभाव जस्ता चुनौति र समस्याका कारण अपेक्षाकृत प्रगति हुन सकेको देखिँदैन । त्यसैले प्रतिवेदनमा समावेश भएका व्यहोरा र सुझावहरुको कार्यान्वयनबाट स्थानीय तहको शासकीय व्यवस्था सञ्चालनमा सहयोग पुग्ने अपेक्षा गरेको छु ।

अन्त्यमा, संवैधानिक जिम्मेवारीअनुसार लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन तयार गर्ने क्रममा सुझाव दिई सहयोग गर्ने स्थानीय तहका प्रमुख, उप-प्रमुख, लेखाउत्तरदायी अधिकृतहरु लगायत नागरिक समाज र सञ्चारकर्मीहरुप्रति हार्दिक आभार व्यक्त गर्न चाहन्छु । साथै, अहोरात्र खटिई समयमै लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन तयार गर्न योगदान गर्ने कार्यालयका सम्पूर्ण कर्मचारीलाई विशेष धन्यवाद दिन चाहन्छु ।

**संघीय मामिला तथा सामान्य प्रशासन महा-निर्देशनालय**

पत्र संख्या:२०७५।७६
च.नं.:

मिति: २०७५।१२।१५

श्री प्रमुखज्यू,
धनगढी उप-महानगरपालिका,
धनगढी, कैलाली ।

विषय:**लेखापरीक्षण प्रतिवेदन** ।

यस कार्यालयबाट धनगढी उप-महानगरपालिकाको आर्थिक वर्ष २०७४।७५ को पेश भएका वित्तीय विवरण र सोसँग सम्बन्धित कागजातको लेखापरीक्षण सम्पन्न गरिएको छ ।

**वित्तीय विवरण उपर व्यवस्थापन पक्षको जिम्मेवारी** - आर्थिक कार्यविधि ऐन, २०५५ स्थानीय सरकार सञ्चालन ऐन, २०७४, आर्थिक कार्यविधि नियमावली, २०६४, स्थानिय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धि ऐन, २०७५ तथा प्रचलित कानून तथा अभ्यास अनुरुप लेखा राख्ने र राख्न लगाउने, लेखा विवरण तयार गर्ने गराउने कार्यका साथै आर्थिक प्रशासन सञ्चालन गर्ने तथा प्रस्तुतीकरण गर्ने जिम्मेवारी व्यवस्थापन पक्षको रहेको छ ।

**लेखापरीक्षकको जिम्मेवारी** - प्रस्तुत वित्तीय विवरणहरु उपर लेखापरीक्षणको आधारमा राय व्यक्त गर्नु लेखापरीक्षकको जिम्मेवारी हो । लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन, २०७५ तथा महालेखा परीक्षकको कार्यालयले अवलम्बन गरेको सरकारी लेखापरीक्षण मानदण्ड र अन्य मार्गदर्शन तथा अन्य प्रचलित कानूनको आधारमा गरिएको छ । लेखापरीक्षणको क्रममा प्राप्त गरेका प्रमाणहरु लेखापरीक्षण राय व्यक्त गर्ने आधार उपलब्ध गराउन पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

**कैफियत सहितको लेखापरीक्षण राय व्यक्त गर्ने आधार** - कैफियत सहितको लेखापरीक्षण राय व्यक्त गर्ने आधारका रुपमा सञ्चित कोष विवरणमा सारभूत असर पार्ने व्यहोराहरु निम्नानुसार छन् :

१. लेखापरीक्षणबाट रु.९५ लाख ३५ हजार बेरुजू कायम भएको छ । सोमध्ये असुल गर्नुपर्ने रु.२ लाख ११ हजार, नियमित गर्नुपर्ने रु.१९ लाख १२ हजार, प्रमाण कागजात पेश हुनुपर्ने रु.२९ लाख २५ हजार तथा ४४ लाख ८७ हजार पेश्की बेरुजू रहेको छ ।

२. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले सम्पत्ति तथा दायित्व यकिन हुन सकेन ।

३. लेखापरीक्षणमा देखिएका व्यहोराहरुका सम्बन्धमा मिति २०७५।९।१३ मा जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रमाण कागजात सहितको प्रतिकृयाकाआधारमा फछ्र्यौट भएका दफाहरु हटाई कायम व्यहोराको अन्तिम लेखापरीक्षण प्रतिवेदन पाना पन्ध्र(१५) यसैसाथ संलग्न छ ।

**कैफियत सहितको लेखापरीक्षण राय** - कैफियत सहितको लेखापरीक्षण रायले त्यहाँको सञ्चित कोष विवरणमा पर्ने असर र लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराहरु बाहेक आर्थिक वर्ष २०७४।७५ को आर्थिक कारोबार, लेखा तथा प्रतिवेदन आर्थिक कार्यविधि ऐन, २०५५ र नियमावली, २०६४ स्थानीय सरकार सञ्चालन ऐन, २०७४, स्थानिय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धि ऐन, २०७५ तथा प्रचलित कानूनबमोजिम रहेको छ ।

(सुवर्णप्रसाद ढकाल)
नायव महालेखापरीक्षक

# धनगढी उप महानगरपालिका

## लेखापरीक्षण प्रतिवेदन
## २०७४।७५

**परिचय :** स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायीक अभ्यासलाई संस्थागत गरी स्थानीय सरकारले आफ्नो अधिकार क्षेत्रभित्र स्रोत साधन सङ्कलन र परिचालन गरी विकास निर्माण लगायतको काम गर्न जनताको सहभागितामा आधारिता दिगो विकासको लाभ समतामूलक तरिकाले उपभोग गर्ने कार्यको लागि यस उप -महानगरपालिकाको स्थापना भएको हो । नेपाल सरकार एवं स्थानीय तहमै उपलब्ध हुने स्रोत साधनको अधिकतम उपयोग गरी योजनावद्ध सहभागितामूलक कार्यक्रमको माध्यमबाट स्थानीय जनतालाई प्रत्यक्ष लाभ पुग्ने गरी सामाजिक आर्थिक तथा भौतिक क्रियाकलापहरु सञ्चालन गर्नु स्थानीय तहको मूख्य उद्देश्य रहेको छ । सुदूरपश्चिम प्रदेशमा अवस्थित ९८ नगर सभा सदस्यीययस उप-महानगरपालिका अन्तर्गत १९ वडा, २७१.७४ वर्ग कि.मी.क्षेत्रफल र १ लाख ४८ हजार जनसंख्या रहेको छ ।

**स्थानीय सञ्चितकोष :** आर्थिक वर्ष २०७४।७५ स्थानीय सञ्चित कोष आय-व्यय हिसाबकोसंक्षिप्त अवस्था निम्न बमोजिम रहेको छ :

| सि.नं. | आयतर्फ | | | सि.नं. | व्ययतर्फ | | |
|---|---|---|---|---|---|---|---|
| | विवरण | रकम | रकम | | विवरण | रकम | रकम |
| १ | **गत वर्षको जिम्मेवारी** | | **52,318,445.90** | १ | **चालु खर्च** | | 65,260,174.15 |
| | क) नगद | 4,314,270.54 | | २ | **पूँजीगत खर्च** | | 4,786,352.60 |
| | ख) बैंक | 23,004,957.88 | | ३ | **वित्तीय हस्तान्तरण** | | **720,120,183.38** |
| | ग) कोष तर्फको जिम्मेवारी | 12,472,655.63 | | | क) वित्तीय समानीकरण अनुदान | 444,426,324.45 | |
| | घ) धरौटीको जिम्मेवारी | 9,697,421.85 | | | ख) सशर्त अनुदान | 275,693,858.93 | |
| | ङ) गत आ.व. मा फिर्ता गरिएको | 2,829,140.00 | | ४ | **अन्य विविध खर्च** | | **182,016,042.00** |
| २ | **राजस्व ( आन्तरिक आय)** | | **102,022,488.84** | | सडक बोर्डको खर्च | 9,176,162.00 | |
| | क) आन्तरिक राजस्व | 97,623,871.84 | | | क्षेत्रीय सहरी बिकास योजना | 5,921,964.00 | |
| | ख) राजस्व बाँडफाँड | 4,398,617.00 | | | सामाजिक सुरक्षा | 150,812,660.00 | |
| ३ | **वित्तीय हस्तान्तरण** | | **805,280,858.93** | | सहरी स्वास्थ्य कार्यक्रम खर्च | 3,879,419.00 | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | क)वित्तीय समानीकरण अनुदान | 529,587,000.00 | | | सिमा क्षेत्र विकास कायक्रम | 8,605,779.00 | |
| | ख) सशर्त अनुदान | 275,693,858.93 | | | स्थानिय शासन सा.वि.का | 1,453,000.00 | |
| ४ | **प्रदेश सरकारबाट प्राप्त अनुदान** | | | | जिल्ला खानेपानी | 458,800.00 | |
| | क) विशेष अनुदान | | | | प्रकोप व्यवस्थापन कोष | 703,614.00 | |
| ५ | **धरौंटी आय** | | 6,488,967.60 | | कर्मचारी कल्याण कोष | 977,644.00 | |
| ६ | **अन्य विविध आय** | | **190,112,966.06** | | RUDP को खर्च चालु बाट भएको | 27,000.00 | |
| | शहरी स्वास्थ्य | 9,825,000.00 | | | | | |
| | सामाजिक सुरक्षा | 150,812,660.00 | | ५ | **धरौटी फिर्ता/खर्च** | | 3,440,203.00 |
| | सिमा क्षेत्र विकास कार्यक्रम | 8,605,779.00 | | ६ | **मौज्दात** | | **180,610,239.94** |
| | स्था.शा.सा.वि.का. | 1,453,000.00 | | | क) नगद मौज्दात | 4,446,477.28 | |
| | सडक बोर्ड | 9,176,162.00 | | | ख) बैंक मौज्दात | 142,733,131.21 | |
| | जिल्ला खानेपानीरस? सफाई | 458,800.00 | | | ग) कोष तर्फको मौज्दात | 20,684,445.00 | |
| | प्रदेश सरकार सा.वि.म). | 1,072,000.00 | | | घ) धरौटीको मौज्दात | 12,746,186.45 | |
| | क्षेत्रीय सह?ी बिकास योजना | 5,707,662.00 | | | | | |
| | नगर विकास कोष | 3,001,903.06 | | | | | |
| ७ | **अन्य** | | **9,467.74** | | | | |
| | भुक्तानी दिन बांकी कर | 1,248.00 | | | | | |
| | पेश्की फिर्ता आम्दानी | 8,219.74 | | | | | |
| | **जम्मा** | | **1,156,233,195.07** | | **जम्मा** | | **1,156,233,195.07** |

(ख) विनियोजनतर्फः

| बजेट उप–शीर्षक | कार्यक्रम को नाम | वार्षिक बजेट | निकासा | खर्च | बाँकी | पेश्की |
|---|---|---|---|---|---|---|
| 3650153 | ज्येष्ठ नागरिक दीर्घ सेवा | 164263000.00 | 150812660.00 | 150812660.00 | - | - |
| 3658523 | सिमा क्षेत्र | 153000.00 | 230000.0 | 230000.0 | - | - |
| 3658524 | सिमा क्षेत्र | 9775000.00 | 8375779.00 | 8375779.00 | | |
| 3658193 | स्थानीय शासन सामुदायिक विकास | 2425000.00 | 1453000.00 | 1453000.00 | - | - |
| | **जम्मा** | **176616000.00** | **160871439.00** | **160871439.00** | | |

(ग) राजस्वतर्फः:

| क्र.सं. | शीर्षक नं. | लगत हसबली समेत रु. | असुली रु. | दाखिला रु. | बाँकी रु. | |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| १ | १५१११ | ८९४८६.२५ | ८९४८६.२५ | ८९४८६.२५ | | |

| बेरुजू दफा | लेखापरीक्षणबाट देखिएका व्यहोरा | रकम |
|---|---|---|
| १. | **आन्तरीक नियन्त्रण प्रणाली :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले आफ्नो कार्यालयवाट सम्पादन गरिने कार्य मितव्ययी, प्रभावकारी, नियमितता र दक्षतापुर्ण ढंगवाट सम्पादन गर्न र वित्तिय प्रतिवेदन प्रणालीलाई विश्वसनिय वनाउन तथा प्रचलित कानून वमोजिम कार्य सम्पादन गर्न आ-आफ्नो कामको प्रकृती अनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वयनमा ल्याउनुपर्ने व्यवस्था छ । नगरपालीकाले आन्तरिक नियन्त्रण सम्वन्धि निर्देशिका तयार नगरेको, वार्षिक खरिद योजना तयार नगरेको, सहायक जिन्सीखाता नराखेको, भ्रमण अभिलेख नराखेको, गाडीहरुको मर्मत सम्भारको विवरण (म.ले.प.फा. नं.-२) नराखेको तथा नगरसभावाट सार्वजनिक लेखा समिति गठन गरी आय व्ययको हिसाव परीक्षण समेत नगरेको देखिन्छ । अतः कार्यलाई प्रभावकारी, नियमित र दक्षतापूर्ण ढंगवाट सम्पादन गरी उत्तम नतिजा प्राप्त गर्न तत्काल आन्तरिक नियन्त्रण प्रणाली सम्वन्धि निर्देशिका तयार गरी कार्यान्वयनमा ल्याईनूपर्ने देखिन्छ । | |
| २. | **स्वीकृत लेखा ढाँचा :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ९२ मा कार्यालयले विनियोजन, राजस्व, धरौटी, जिन्सी र अन्य आम्दानी खर्चको लेखा महालेखा परीक्षकको कार्यालयबाट स्वीकृत ढाँचामा राख्नु पर्ने व्यवस्था छ । नगरपालिकाले सो बमोजिम लेखा राखेको पाईएन । अतः नगरपालिकाले विनियोजन, राजस्व, धरौटी, जिन्सी र अन्य आम्दानी खर्चको लेखा महालेखापरीक्षकको कार्यालयबाट स्वीकृत लेखा ढाँचामा राख्नुपर्दछ । | |

| | | |
|---|---|---|
| ३. | **एकीकृत आर्थिक संकेत :** सरकारको आम्दानी, खर्च र सम्पत्ती तथा दायित्वलाई अन्तर्राष्ट्रिय मापदण्ड अनुरूप बनाउने उद्देश्यले महालेखापरीक्षकको कार्यालयबाट आर्थिक वर्ष २०७४।७५ देखि स्थानीय तहमा लागु हुने गरि एकीकृत आर्थिक संकेत, तथा वर्गीकरण र व्याख्या, २०७४ तयार गरि कार्यान्वयन गरिएकोमा नगरपालिकाले सो बमोजिम लेखा राखेको पाईएन । अतः नगरपालिकाले एकीकृत आर्थिक संकेत, तथा वर्गीकरण र व्याख्या, २०७४ बमोजिम राजश्व तथा खर्च संकेत अनुसार लेखा राख्नुपर्दछ । | |
| ४. | **मध्यकालीन खर्च संरचना :** अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन,२०७४ को दफा १७ मा स्थानीय तहले सार्वजनिक खर्चको विवरण तयार गर्दा आगामी तीन आर्थिक वर्षमा हुने खर्चको प्रक्षेपण सहित देहायको विवरण सहित मध्यकालीन खर्च संरचना तयार गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाले उक्त बमोजिम खर्चको मध्यकालीन खर्चको संरचना तयार नगरेकोले सार्वजनिक खर्चको अनुमानित विवरण तयार गर्दा मध्यकालीन खर्च संरचना समेत तयार गर्नुपर्दछ ।<br>(क) प्रस्तावित योजनाको उद्देश्य,<br>(ख) प्रस्तावित योजनाको लागि सम्भाव्यता अधययन गर्न वा खर्च छुटयाउन आवश्यकताको पुष्ट्याई,<br>(ग) प्रस्तावित योजना कार्यन्वयन हुन सक्ने आर्थिक वर्ष र त्यसपछिका दुई आर्थिक वर्षमा प्राप्त हुन सक्ने प्रतिफल र उपलब्धि,<br>(घ) प्रस्तावित योजना लागू गर्न आवश्यक पर्ने खर्चको विवरण,<br>(ङ) खर्च व्यहोर्ने स्रोत र खर्च गरिएको रकमबाट प्राप्त हुन सक्ने प्रतिफल र उपलब्धिको प्रक्षेपण,<br>(च) प्रस्तावित योजनाको मध्यम अवधिको खर्चको रणनीति र त्यसको वार्षिक खर्चसँगको तादाम्यता,<br>(छ) सञ्चालित योजना भए गत आर्थिक वर्षमा छुटयाइएको खर्च अनुसार लक्ष्य हासिल भए नभएको यथार्थ विवरण । | |
| ५. | **चौमासिक विवरण :**स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६(५) मा स्थानीय तहले स्थानीय सञ्चित कोषमा भएको आय व्ययको चौमासिक शीर्षकगत विवरण तयार गरी संघीय अर्थ मन्त्रालय, प्रदेश अर्थ मन्त्रालय, तथा राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगमा पठाउनुपर्ने व्यवस्था छ । कार्यालये चौमासिक विवरण तोकिएको निकायमा पठाएको देखिएन । अतः कानुनको परिपालना हुनुपर्दछ । | |
| ६. | **अवकाश कोष :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ मा स्थानीय तहका कर्मचारीले निजको सेवा शर्त सम्बन्धी कानून बमोजिम अवकाश हुँदा प्राप्त गर्ने योगदानमा आधारित उपदान वा निवृत्तभरण, औषधि उपचार लगायतका सुविधा उपलब्ध गराउनका लागि प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट दश प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्ने गरी एक अवकाश कोष स्थापना गर्नूपर्ने व्यवस्था छ । नगरपालिकाले एकमुष्ट रु. ७५,००,०००।- कर्मचारी कल्याण कोषमा दाखिला गरेको कानुन सम्मत देखिएन । स्थानीय सेवाका कर्मचारी अवकाश हुँदा कानून बमोजिम पाउने योगदानमा आधारित उपदान वा निवृत्तभरण, औषधि उपचार लगायतका सबै सुविधा उपलब्ध गराउन एक अवकाश कोष स्थापना गर्नुपर्दछ । | |
| ७. | **ठेक्काको अभिलेख** : आर्थिक कार्यविधि नियमावली, २०६४ को परिच्छेद –११ को नियम ९२ अनुसार प्रत्येक कार्यालयले विनियोजन, राजस्व, धरौटी, जिन्सी र अन्य आम्दानी खर्चको लेखा महालेखापरीक्षकको कार्यालयबाट स्वीकृत ढांचामा | |

| | | |
|---|---|---|
| | राख्नुपर्ने छ । लेखा भिड्ने प्रमाणित कागजातहरु पनि सिलसिलाबद्ध तरिकाले राख्नुपर्ने व्यवस्था रहेको छ । कार्यालयबाट गत विगत वर्षमा के कति कामको ठेक्का पट्टा भएको थियो र ती ठेक्का मध्ये के कति ठेक्का सम्पन्न एबं भुक्तानी भई कति  वांकी रहेको छ, ठेक्का भएको निर्माणको निर्माण सम्पन्न हुने अवधि, भुक्तानी मिति, वैंक ग्यारेन्टी र विमाको म्याद खुल्ने विवरणको( म.ले.प.फा.नं. १९०) अभिलेख जस्ता निर्माण कार्यको प्रमाणीत गर्ने अभिलेखहरु  कार्यालयले राख्ने गरेको देखिएन । यी अभिलेखको अभावमा ठेक्काको म्याद वैंक ग्यारेन्टीको र विमाको म्याद, ठेक्कामा हालसम्म कति भुक्तानी भयो र कति भुक्तानी हुन वांकी छ सो सम्वन्धि जानकारी नहुने हुंदा, वैंक ग्यारेन्टी र विमाको कभरेज नहुने र अभिलेखको अभावमा  एउटै कामको दोहोरो भुक्तानी हुन सक्ने हुंदा नियमानुसार राख्नु पर्ने उपरोक्त अनुसारको व्यहोरा खुल्ने गरी अभिलेख राख्नुपर्ने देखिन्छ । | |
| ८. | **नापी किताव :** कार्यालयले वहुवर्षिय आयोजनाको कार्य को निर्माण व्यवसायीलाई रनिङ्ग विल भुक्तानी गर्दा नापि कितावको आधारमा भुक्तानी दिने व्यवस्था रहेको छ । परीक्षण गरिएका संलग्न गोश्वारा भौचर संग संलग्न फाटवारीमा निर्माण व्यवसायीले कार्य गरेपछि भुक्तानी प्रयोजनको लागि कम्प्युटरवाट छुट्टा छुट्टै लुज सिट समावेश गरी रकम भुक्तानी दिने गरेको देखियो । कामको एकिकृत नापी देखिने अभिलेख नहुनाले दोहोरो विल तयार गरि निर्माण व्यवसायीलाई भुक्तानी हुन सक्ने जोखिम रहेको छ । निर्माण कार्यको अभिलेख देखिने नापि किताब(d=n]=k=kmf= g+= 171_ /fvL dfq e'QmfgL lbg'kg]{tkm{ Wofg lbg'kb{% . | |
| ९. | **vl/b of]hgf M** ;fj{hlgs vl/b P]g, 2063 sf] bkmf 6 adf]lhd ;fj{hlgs lgsfon] tf]lsPadf]lhd vl/bsf] u'?of]hgf tyf jflif{s vl/b of]hgf tof/ ug'{kg]{ Joj:yf % . sfof{non] ;f] cg'?k vl/b of]hgf tof/ u/]sf] kfOPg . ctM P]g tyf lgodfjnLdf tf]s] adf]lhd u'? of]hgf tyf jflif{s vl/b of]hgf agfpg] / ;f] adf]lhd vl/b Joa:yfkg ug]{tkm{ sfof{non] Wofg lbg'kb{% . | |
| १०. | **अख्तियारी प्रदान :** स्थानिय सरकार संचालन ऐन, २०७४ को दफा को दफा ७३ बमोजिम सभाबाट बजेट  स्वीकृत भएको ७ दिन भित्र प्रमुखले प्रमुख प्रशासकिय अधिकृत लाई बजेट खर्च गर्ने अख्तियारी दिनुपर्ने ब्यबस्था छ । नगरसभाबाट आर्थिक बर्ष २०७४।७५ को बजेट मिति २०७४।४।२३ मा स्वीकृत भएकोमा प्रमुख प्रशासकिय अधिकृतलाई मिति २०७४।१२।०६ मा मात्र बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखियो । ऐनले तोकेको समय भित्र अख्तियारी प्रदान गर्नु पर्दछ । | |
| ११. | **न्यूतत्तम दररेट :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १३ मा नगरपालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण कार्य तथा अन्य सेवाको प्रयोजनको लागि प्रत्येक आर्थिक वर्ष शुरु हुनुभन्दा मन्ध दिन अगावै निर्माण सामाग्री, ज्याला, भाडा तथा महसुलको स्थानीय न्यूनत्तम दररेट तोक्नुपर्ने व्यवस्था छ । | |

<table>
<tr><td></td><td>नगरपालिकाले कानुन बमोजिम न्यूनत्तम दररेट निर्धारण गरेको नपाईएकोले निर्माण कार्यसँग सम्बन्धित दर विश्लेषणको सम्बन्धमा यकिन हुन सक्ने अवस्था नदेखिएकोले नगरपालिकाले नयूनत्तम दररेट निर्धारण गर्नुपर्नछ ।</td><td></td></tr>
<tr><td>१२.</td><td>सहरी योजना : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८७ मा सहरी योजना जस्ता विषयको डिजाईन खरिद गर्नु पर्दा त्यस्तो डिजाईन सम्बन्धी विस्तृत विवरणसहितको कागजात तयार गरी त्यस्तो कागजात अनुरुप डिजाईन प्रतियोगिता गराई उपयुक्त डिजाइन खरिद गर्न सक्ने व्यवस्था छ । नगरपालिकाले नगर यातायात तथा ढल निकासको गुरुयोजना तयार गर्दा सहरी विकासको लागि उपयुक्त डिजाइनको लागि प्रतियोगिता गराई डिजाइन खरिद गर्न उपयुक्त देखिन्छ ।</td><td></td></tr>
<tr><td>१३.</td><td>स्रोत नक्सांकन : स्थानिय सरकार संचालन ऐन, २०७४ को दफा को दफा ११ बमोजिम प्रत्येक तहले आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक स्रोत अन्तर्गत खानी जंगल तथा अन्य स्रोत प्रर्वद्धन अन्तर्गत सडक पुल खानेपानी लगायतको अभिलेख तथा स्रोत नक्सांकन वा नगर प्रोफाइल तयारी सो अनुसार योजनाबद्ध विकास निमार्ण गर्नुपर्ने ब्यबस्था छ । नगरपालिकाले नगरप्रोफाइल तयार गरेको छैन । नगरप्रोफाइल तयार गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>१४.</td><td>आन्तरिक लेखापरीक्षण : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७७(३) मा आन्तरिक लेखापरीक्षणले औंल्याईएका कैफियत अन्तिम लेखापरीक्षण हुनुभन्दा अगावै सम्परीक्षण गराउनु पर्ने व्यवस्था छ । कार्यालयले अन्तिम लेखापरीक्षणसम्म पनि आन्तरिक लेखापरीक्षणमाथि कुनै कारवाही गरेको नदेखिएकोले ऐनको पालना गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>१५.</td><td>बिभिन्न कोष : स्थानिय सरकार संचालन ऐन, २०७४ को दफा ७५ मा एक आर्थिक वर्षमा खर्च हुन नसकी बाँकी रहेको रकम आर्थिक वार्षको अन्त्यमा नगरपालिकाको सञ्चित कोषमा दाखिला गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाले विगतदेखि सञ्चालनमा राखेका कोषहरुमा देहाय बमोजिम मौज्दात देखिएको छ । नगरपालिकाले तोकिए बाहेकका कोषहरुमा मौज्दात राख्दा स्थानीय सञ्चित कोषको एकीकृत अवस्था नदेखिने तथा यस्ता कोषहरुमा रहेको रकम निस्कृय रुपमा रहने भएकोले वित्तिय स्रोतलाई समुचित परिचालन गर्नका लागि कानुन बमोजिम बाहेकका कोषहरुको मौज्दात स्थानीय सञ्चित कोषमा दाखिला गरी यस्ता प्रकृतिका कोषहरु खारेज गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td></td><td>
<table>
<tr><th>सि.नं</th><th>कोषको नाम</th><th>रकम</th></tr>
<tr><td>१</td><td>दैविक प्रकोप कोष</td><td>२२०९३२२.००</td></tr>
<tr><td>२</td><td>कर्मचारी उपकार कोष</td><td>१२००६९०६.००</td></tr>
<tr><td>३</td><td>बाताबरण संरक्षणकोष</td><td>१८०५०००.००</td></tr>
<tr><td></td><td>जम्मा</td><td>१६०२१२२८.००</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>१६.</td><td>न्याय सम्पादन : स्थानिय सरकार संचालन ऐन ,२०७४को परीच्छेद ८ मा न्यायिक कार्य सम्बन्धि ब्यबस्था रहेको छ । नगरपालिकाले देहाय अनुसारको मुद्धा प्राप्ती र फछ्र्यौट सम्बन्धी विबरण पेश गरेकोमा सहमति र फैसला गरी १९ वटा फछ्र्यौट भएको  देखिएकोले ७०.३७% फछ्र्यौट भएको  देखिन्छ ।</td><td></td></tr>
<tr><td></td><td>
<table>
<tr><th>न्यायिक समितिमा प्राप्त मुद्धा ,उजुरी तथा</th><th>मेल मिलाप भएको मुद्धा</th><th>प्रक्रियमा रहेको मुद्धा संख्या</th><th>अदालत पठाएको मुद्धा</th><th>सम्बन्धित निकायमा जानकारी दिएको मुद्धा संख्या</th><th>दरपिठ गरेको मुद्या संख्या</th><th>सम्बन्ध विछेद</th><th>लेनदेन मुद्धा संख्या</th></tr>
</table>
</td><td></td></tr>
</table>

| निबेदन संख्या | संख्या | | संख्या | | | | |
|---|---|---|---|---|---|---|---|
| २७ | १२ | ७ | २ | ३ | १ | १ | १ |

| | | |
|---|---|---|
| १७. | **कन्टेन्जेन्सी** : कन्टिन्जेन्सी खर्च गर्ने सम्बन्धमा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० (७) अनुसार अनुसूची–१ मा उल्लेखित व्यवस्था बमोजिम वर्कचार्ट खर्च २.५ प्रतिशत र सानातिना अन्य खर्च २.५ प्रतिशत समेत ५ प्रतिशत खर्च लेख्न मिल्ने उल्लेख छ । वर्कचार्ट स्टाफ खर्च र सानातिना अन्य खर्च भन्नाले के कस्ता खर्चहरु समावेश हुने हो सम्बन्धित ऐन, नियममा स्पष्ट उल्लेख छैन भने यस सम्बन्धमा सम्बन्धित मन्त्रालय, विभागबाट समेत कुनै नीतिगत निर्णय भए गरेको देखिएन । कन्टिन्जेन्सीबाट गरिने खर्च सम्बन्धमा सम्बन्धित निकायहरुबाट स्पष्ट नीति तय हुनुपर्ने देखिएको छ । | |
| १८. | **विवरण सार्वजनिक :**स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६(३) मा प्रमुख प्रशासकीय अधिकृतले नगरपालिकाको कोषबाट खर्च भएको रकमको चौमासिक प्रगति त्यस्तो अवधि समाप्त भएको पन्ध्र दिनभित्र कार्यपालिकाको बैठकमा पेश गर्नुपर्ने तथा दफा ७६(४) मा आफ्नो आय र व्ययको विवरण प्रत्येक महिनाको सात गतेभित्र सार्वजनिक गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाले खर्चको प्रगति विवरण तथा आय-व्ययको विवरण सार्वजनिक गरेको देखिएन । अतः कानुन बमोजिम प्रगति विवरण कार्यपालिकामा पेश गर्ने तथा आय-व्ययको विवरण सार्वजनिक गर्नुपर्दछ । | |
| १९. | **योजना छनौट :** स्थानीय तहको वार्षिक योजना तथा वजेट तर्जुमा दिग्दर्शन, २०७४( परिमार्जित) को बुंदा नं. ३ मा नगरपालिकाले वार्षिक योजना तथा बजेट तर्जुमा गर्दा निम्न बिषयलाई प्राथमिकता दिनु पर्ने उल्लेख छ ।<br>(क) आर्थिक विकास तथा गरिबी निवारणमा प्रत्यक्ष योगदान पुर्याउने,<br>(ख) उत्पादनमूलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने,<br>(ग) जनताको जीवनस्तर, आम्दानी र रोजगारी बढ्ने,<br>(घ) स्थानीय सहभागिता जुट्ने, स्वमंसेवा परिचालन गर्न सकिने तथा लागत कम लाग्ने,<br>(ङ) स्थानीय स्रोत साधन र सीपको अधिकतम प्रयोग हुने,<br>(च) महिला, बालवालिका तथा पिछडिएका क्षेत्र र समुदायलाई प्रत्यक्ष लाभ पुग्ने,<br>(छ) लैंगिक समानता र सामाजिक समावेशीकरण अभिबृद्धी हुने,<br>(ज) दीगो विकास, वातावरणीय संरक्षण तथा सम्वर्द्धन गर्न सघाउ पुर्याउने, आदी । | |
| | नगरपालिकाले विभिन्न टुक्रे योजनाहरुको सञ्चालन गरेको देखिन्छ, नगरपालिकाद्धारा ३ लाखभन्दा कमका ५०० भन्दा बढी योजनाहरु सञ्चालन गरेको मध्ये केही उदाहरण देहाय बमोजिम छन् । यस्तो प्रकृतिका योजनाहरुको लागि आर्थिक, मानवीय साधनहरुको लागतको तुलनामा प्राप्त प्रतिफल न्यून हुने तथा दीगो विकासमा समेत टेवा नपुग्ने देखिन्छ । अतः कार्यालयले उपलब्ध स्रोत साधनहरुलाई मितव्ययी तरिकाले परिचालन गरी प्रभावकारी रुपले उच्चत्तम प्रतिफल प्राप्त गर्ने तथा वार्षिक योजना था बजेट तर्जुमा गर्दा उल्लेखित निर्देशिकाको कार्यन्वयामा ध्यान दिनुपर्दछ । | |
| | **पूँजीगत तर्फ :** | |
| २०. | **टुक्रा खरिद :** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) मा खरिद गर्दा प्रतिस्पर्धा सीमित हुने गरी एउटै प्रकृतिका कार्यलाई टुक्रा पारी खरिद गर्न नहुने व्यवस्था छ । | |

| | | |
|---|---|---|
| | नगरपालिकाले विभिन्न फर्महरुबाट सरसफाईका सामानहरु प्रतिस्पर्धा सीमित हुने गरी पटक पटक खरिद गरेको गरि रु. ६३३२९५८.४६।- खर्च लेखेकोले नियमको पालनामा ध्यान दिनुपर्दछ ।<br>***(दुई पटकसम्म टेण्डर आव्हान गर्दा पनि टेण्डर पेश नभएकोले टुक्रा खरिद गरेको भनि कार्यालयको भनाई रहेको छ ।)*** | |

| गो.भौ.नं./मिति | विवरण | रकम (रु.) |
|---|---|---|
| ४२-०७४/०५/२७ | सरसफाईका सामान खरिद | ११४३८३.०० |
| ४५-०७४/०५/२७ | फर्निचर खरिद | १३६१२३.०० |
| १३८-०७४/०६/०२ | भेटनरी पछाडी सन्तोषीटोल जोड्ने पक्कि पुल मर्मत | ४०७८८३.२१ |
| १८२-०७४/०६/०६ | मेशिनरी/औजार खरिद | २८८३९७.०० |
| २३७-०७४/०६/२६ | विद्युतिय समाग्री खरिद | ५७४४३३.०० |
| २६०-०७४/०६/२९ | विद्युतिय समाग्री खरिद | ४९९६०१.२५ |
| २८४-०७४/०७/०१ | स्वास्थ्य केन्द्रका लागि पुरानो वडा कार्यालय रंगरोगन | ४७५४९४.०० |
| ३७१-०७४/०७/२७ | स्वास्थ्य चौकी मर्मत तथा रंगरोगन वडा नं. १३ | ४९०४३५.०० |
| ४५३-०७४/०८/१४ | ओम शान्ति टोल आश्रम-देखि पश्चिम दक्षिण हुदैं ज्योती बोर्डिङको सडक कालोपत्रे | ४९७४४०.०० |
| ४५६-०७४/०८/१४ | फुलवारी वडा नं १८ कार्यालय भवन निर्माण कार्य | ६६१७८०.०० |
| ८८५-०७४/११/१० | कार्यालय भवन माथिल्लो तल्लामा पार्टेशन गर्ने कार्य | ४८०६१९.०० |
| १६९२-०७५/०२/१८ | फर्निचर खरिद | ३७२४७९.०० |
| १६९४-०७५/०२/१८ | फर्निचर खरिद | २८७०२०.०० |
| १६९६-०७५/०२/१८ | फर्निचर खरिद | ३३६५००.०० |
| २०५३-०७५/०३/१९ | मेशिनरी/औजार खरिद | ३५८५००.०० |
| २२४५-०७५/०३/२५ | मेशिनरी औजार खरिद | ३५१८७१.०० |
| | **जम्मा** | **६३३२९५८.४६** |

| | | |
|---|---|---|
| २१. | **खर्चको उपलब्धि :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ४५(ड) मा कार्यक्रम अनुसार निर्धारित समयभित्र प्रगति भए/नभएको तथा कामको गुणस्तर र परिमाण सन्तोषजनक भए/नभएको सम्बन्धमा विश्वस्त हुनुपर्ने व्यवस्था छ । नगरपालिकाले केलाली कंक्रिट ईण्डष्ट्रिज प्रा.लि.बाट विभिन्न क्षेत्रमा सडकहरुमा ह्युमपाईप जडान गर्ने कार्यको लागि रु.१०९,६३,६८३।७५ खर्च लेखेकोमा उक्त ह्युमपाईपहरु के/कस्तो अवस्थामा छन्, त्यस सम्बन्धमा कुनै अनुगमन मुल्यांकन गरेको नदेखिएको तथा कार्यक्रम प्रगति सम्बन्धमा समेत आश्वस्थता नभएकोले खर्च गर्दा परिणाममूखी कार्यको लागि खर्च गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ । | |
| २२. | **अन्य निकायको खर्च :** कार्यालले निम्न सहकारीको लागि भवन निर्माणको लागि रकम उपलव्ध गराएको देखियो । जिल्लामा सहकारी संस्थाहरु सहकारी ऐन अन्तर्गत स्थापना भई संचालित हने धेरै सहकारी मध्ये यी सहकारीलाइमात्र के आधारमा भवन निर्माणको लागि बजेट विनियोजन गरिएको हो । कम्पनिको रुपमा संचालित सहकारी संस्थालाई सरकारी बजेटबाट रकम अनुदान दिने व्यबस्था | १५२२१८४.०० |

| | | |
|---|---|---|
| | उचित देखिएन । | |

| गो.भौ./मिति | समानको नाम र परिमाण | रकम (रु.) |
|---|---|---|
| १८१४-०७५/०३/०४ | वेहडा वावा ग्रामीण विद्युत सहकारी संस्था लि. को भवन निर्माण | 722184.00 |
| १११९-१२/०१ tyf १९०६-०३/१३ | नमुना महिला बचत तथा ऋण सहकारी संस्था भवन निर्माण | 800000.00 |
| | **जम्मा** | **1522184.00** |

| | | |
|---|---|---|
| २३. | **आनुपातिक कट्टी :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(४) मा उपभोक्ता समिति वा लाभग्राही समुदायसँग कार्य गराउदाँ लागत अनुमानमा समावेश रहेको जनसहभागिताको अंश कट्टा गरी मात्र भुक्तानी दिनुपर्ने व्यवस्था छ । नगरपालिकाले देहाय बमोजिम उपभोक्ता समितिसँग कार्य गराई भुक्तानी गरेकोमा सम्झौता बमोजिम वास्तविक कार्यसम्पादनको आधारमा जनसहभागितको अंश कट्टा नगरी भुक्तानी दिएकोले उपभोक्ता समितिको अंश कट्टा गरी भुक्तानी गर्नुपर्नेतर्फ ध्यान दिनुपर्दछ । | |

| योजना | लागत अनुमान | जनसहभागिता | कार्यसम्पादन | भुक्तानी गर्नुपर्ने | भुक्तानी भएको | बढी भुक्तानी(रु.) |
|---|---|---|---|---|---|---|
| नमुना महिला बचत तथा ऋण सहकारी संस्था भवन निर्माण | १७९७५२१.०० | ९९७५२१.०० | १३६६१०६.०० | ७५८०५२.०० | ८०००००.०० | ४१९४८.०० |
| जाखौर शिव मन्दिर पर्खाल निर्माण | ११२०२०.०० | १२०२०.०० | ११७३७३.०० | १०४७७९.०० | १५००००.०० | ४५२२१.०० |
| कालोपुल-विष्टटोल जाने बाटो कालोपत्रे गर्ने कार्य | २४१६४४५.०० | ५२२८५१.०० | २३६५८२४.०० | १८५३८६०.०० | १८९२६६०.०० | ३८८००.०० |
| कालु पार्कीको घर-पूर्व जाने सडक पदम पार्की जाने सडक कालेपत्रे | २२८७७०८.०० | ४८७७०८.०० | २१२२४६८.०० | १६६९९५८.०० | १६९७९७४.०० | २८०१६.०० |
| नर्सरी-विष्णु साहुको घरहुदे जाने सडक कालोपत्रे | २५३८४३०.०० | ५३८४३०.०० | २३८०६११.०० | १८७५६८३.०० | १९०४४८९.०० | २८८०६.०० |
| सुरेन्द्र चौधरीको घर-महेश्वरी कुवँरको घरसम्म सडक कालोपत्रे | १००००३५ | २०००३५.०० | ८३७४८३.०० | ६६९९८६.०० | ६८४५४२.०० | १४५५६.०० |
| बुद्धचोक-पुरानो बंगुरपालनसम्म पक्की नाली निर्माण | १७८९६३७.०० | १८९६३७.०० | १७६३६०६.०० | १५७६६६४.०० | १५८७२४५.०० | १०५८१.०० |
| | **जम्मा** | | | | | **२०७९२८.००** |

| | | |
|---|---|---|
| २४. | **परामर्श खर्च :** आर्थिक कार्यविधि नियमावली, २०६४ को ४५ मा कार्यालयले उद्देश्य र नीति अनुरुप निर्धारित समयभित्र प्रगति भएको छ/छैन भने सम्बन्धमा विस्वस्त हुनुपर्ने व्यवस्था छ । कार्यालयले देहाय बमोजिम विभिन्न परामर्शदाताबाट देहाय अनुसार सेवा खरिद गरी रु. 5128864.00 vr{ n]v]sf]df ;f] vr{sf] k\|ult eP/gePsf] ;DaGwdf sfof{non] Wofg | |

k'¥ofPsf] b]lvPg . ctM sfof{non] vr{ ubf{ pknlAwd'ns tl/sfn] vr{ ug]{tkm{ Wofg lbg'kb{% .

*(कार्यन्वयनको अवस्थामा रहेको कार्यालयको भनाई रहेको छ ।)*

| गो. भौ.नं/मिति | विवरण | भुक्तानी (रु.) | सेवा प्रदायक |
|---|---|---|---|
| १७४-०७४/०६/०४ | नगरपालिकाभित्र यातायात व्यवस्थापनको लागि गुरु योजना तयारी | 653480.00 | अभियन्त्र कन्सल्टिङ प्रा.लि. |
| १५८५-०७५/०२/०४ | ejg tyf of]hgf lgdf{)f dfkb)* tof/L | 302639.00 | अभियन्त्र कन्सल्टिङ प्रा.लि. |
| १५८५-०७५/०२/०४ | Feasibility Study detailed Engineering Survey of 3 Bridges | 1949250.00 | स्मार्ट ईन्जि. एण्ड डिजाईन सोलुशन प्रा. लि. |
| १६५२-०७५/०२/१५ | नगरपालिकाभित्र यातायात व्यवस्थापनको लागि गुरु योजना तयारी | 288370.00 | अभियन्त्र कन्सल्टिङ प्रा.लि. |
| २०५६-०७४/०३/२० | वडा नं ३ नेतुवा ताल स्थानमा पर्यटकीय स्थल स्थापित गर्न गुरु योजना तयारी | 496635.00 | Research Innovation & Dev. Eng. Consultancy |
| २०५७-०७५/०३/२० | वडा नं ११ वेलादेवी धाम ताल संरक्षणको लागि योजना तयारी | 491550.00 | नियात्रा कन्सल्ट प्रा.लि. |
| २४६२-०७५/०३/२५ | खुटिया, शिवगंगा, मोहना र घुरही नदीको IEE ug]{ | 946940.00 | साई-टोक ईन्स्फ्रस्टक्चर डेभलपमेन्ट प्रा.लि. |
| | **जम्मा** | **5128864.00** | |

२५. **बैंक ग्यारेन्टी :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११३(४) मा यस नियमावली बमोजिम पेस्की उपलब्ध गराएमा बैंक जमानतको मान्य अवधि खरिद सम्झौतामा उल्लेख भएको पेश्की फछ्र्यौट गर्नुपर्ने अवधिभन्दा कम्तीमा एक महिनाभन्दा बढी अवधिको हुनुपर्ने व्यवस्था छ । नगरपालिकाले विभिन्न निर्माण व्यवसायीहरुलाई पेस्की उपलब्ध गराएकोमा बैंक ग्यारेन्टीको म्याद समाप्त भई सकेको अवस्थामा समेत सम्बन्धित निर्माण व्यवसायीबाट बैंक ग्यारेन्टीको म्याद थप गराएको नदेखिएकोले बैंक ग्याण्टीको म्याद थप हुनुपर्दछ ।

२६. नगरपालिकाले उपभोक्ता समिति मार्फत कार्य गर्दा रोयल्टी तथा ईन्धन खर्च वापत विवरण पेश गरेको आधारमा मात्रै भुक्तानी गर्ने गरेको देखिएकोले सम्बन्धित खर्च वापतको विल भरपाई समेत प्राप्त गरी सम्बन्धित उपभोक्ता समितिलाई भुक्तानी गर्नुपर्ने देखिन्छ ।

२७. **भवन निर्माण** :उप-महानगरपालिकाले सपिङ्ग कम्लेक्स निर्माणको लागि बोलपत्रको माध्यमबाट रु.२,९१,९०,७१८।- मा ठेक्का व्यवस्था भई २०७४।३।२० सम्ममा सम्पन्न गर्ने गरी २०७२।१२।०८ मा सम्झौता भएको थियो । निर्माण कार्यको पाँचौ विल सम्म अर्थात आर्थिक वर्षको अन्तसम्म रु. २,३५,०५,९३३।८९ भुक्तानी भएको छ । निर्माण कार्य अधुरो अवस्थामा रहेको छ । यस सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार छन् :

| | | |
|---|---|---|
| २७.१. | सार्वजनिक खरिद ऐनको दफा ५६ अनुसार काबु वाहिरको परिस्थिति, सार्वजनिक निकायले उपलब्ध गराउनुपर्ने कुरा उपलब्ध गराउन नसकेमा वा अन्य मानासिक कारणबाट खरिद सम्झौताको अबधि नवढाई नहुने भएमा सम्झौता प्राप्त गर्ने व्यक्तिको निवेदन वमोजिम अधिकार प्राप्त अधिकारीले सार्वजनिक खरिद निमावली ६४ का नियम १२०(२) अनुसार जाँचबुझ गरी कारण उचित भएमा म्याद थप गर्न सकिने व्यवस्था रहेको छ । कार्यालयले पहिलो पटक २०७५।३।३० सम्म ६ महिना र २०७५ मंसिर मसान्त सम्म दोस्रो पटक नगर कार्यपालिकाको निर्णयबाट उचित कारण हो हाईन जाचबुझ नगरी सिधै म्याद थप गरेको देखियो । सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२१ अनुसार निर्माण व्यवसायीको ढिलाईको कारणले खरिद सम्झौता बमोजिमको सम्झौताको म्यादमा सम्पन्न हुन नसकेमा निजले सार्वजनिक निकायलाई सम्झौता रकमको १० प्रतिशत सम्म पूर्वनिर्धारित क्षतिपूर्ति असुल गर्नुपर्ने व्यवस्था रहेकोमा सो अनुसार हर्जाना असूल गरेको देखिएन । | |
| २७.२. | सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११० अनुसार निर्माण व्यवसायीले राखेको कार्य समपादन जमानत रु. १४,६०,०००.०० राष्ट्रिय वाणिज्य बैंकको २०७४।९।१ मा समाप्त भै सकेको छ । ठेक्काको म्याद थप गर्दा बैंक ग्यारेण्टिको म्याद र नियम ११२ अनुसार गरेको निर्माण कार्यको विमाको म्याद समेत थप गरी निर्माण कार्यको म्याद थप गर्नुपर्नेमा सो अनुसार गरेको देखिएन । | |
| २८. | ठेक्का नं. ०७४।७५ -०२ सदभावना मार्ग वडा नं ८ र एन.डि पथ वार्ड नं ४ मा सडक निर्माण गर्ने कामको लागि रु.२,०५,४७,२५२।- को लागत अनुमान स्वीकृत भई २०७४।८।१५ रिपब्लिका दैनिकको ३० दिने सुचना अनुसार ४ वटा फर्मले प्राबिधिक प्रस्तावमा उतिर्ण भएको आधारमा आर्थिक प्रस्ताबको लागि ७ दिने सूचना अनुसार सबैभन्दा घटि अंक उल्लेख गर्ने निर्माण व्यबसायी के. एस/टेडी जे.भी.को रु. १२१,१४,७१२।१८ मुल्य अभिवृद्धि कर बाहेक सबै भन्दा घटी अबको बोलपत्र स्वीकृत भएको थियो । यस सम्वन्धमा देखिएका व्यहोरा निम्नानुसार छन् । | |
| २८.१. | सार्वजनिक खरिद निमावली २०६४ को नियम ५९(४) अनुसार बोलपत्र खोलि सकेपछि बोलपत्रदाता वा निजको प्रतिनिधिको रोहवरमा बोलपत्रमा उल्लेखित बोलपत्रको कवोल अंकमा छुट दिन प्रस्ताव गरेको भए सोको व्यहोरा, अंक र अक्षरमा फरक भएका कुरा आदि बोलपत्र मुचुल्कामा उल्लेख गर्नु पर्नेमा सबैभन्दा घटी कबोल गर्ने निर्माण व्यवसायीको ३०.५०% छुट दिने प्रस्ताव मूचुल्कामा उल्लेख गरेको देखिएन । बोलपत्र खोल्दा उल्लेख गर्नुपर्ने कुरा सबै मुचुल्कामा उल्लेख गर्नु पर्दछ । | |
| | **३६५८५२४ पुंजिगत सिमा क्षेत्र कार्यक्रम** | |
| २९. | **बजेट भागबण्डा :** सिमा क्षेत्र कार्यक्रमका लागि नेपाल सरकारबाट रु. ९७,७५०००।- बजेट ब्यबस्था भएकोमा देहायका ८ योजनाका लागि बजेटलाई कार्यकम संख्याले भाग गरी समान रुपले वितरण गरेको देखियो । कामको प्रकृती अनुसार लागत अनुमान तयार गरी उपयुक्त किसिमले बजेट बाँडफाँड गर्नुपर्दछ । | |

| सि. नं | कार्यक्रमको नाम | बजेट रकम |
|---|---|---|
| १ | सुकुटी नाला खड्का टोला तटबन्ध निमार्ण कार्य | १२२१८७५.०० |
| २ | नयां बस्ती श्रीलंका टोल तटबन्ध निमार्ण कार्य | १२२१८७५.०० |

| | | | | |
|---|---|---|---|---|
| | ३ | मनोज नेपालको घर दक्षिण सडक कालोपत्रे | १२२१८७५.०० | |
| | ४ | फुलैयाटोल पक्कीपुल निमार्ण | १२२१८७५.०० | |
| | ५ | खुटिया टोल नदि नियन्त्रण तटबन्ध निमार्ण | १२२१८७५.०० | |
| | ६ | गुम्बा डांडा बाटो निमार्ण कार्य | १२२१८७५.०० | |
| | ७ | मसान घाट नदि तटबन्ध निमार्ण | १२२१८७५.०० | |
| | ८ | धुरा नदी तटबन्ध निमार्ण | १२२१८७५.०० | |
| | | **जम्मा रु** | **९७७५०००.००** | |
| | **क्षेत्रीय शहरी विकास आयोजना** | | | |
| ३०. | यस बर्ष क्षेत्रीय सहरी बिकास आयोजना अन्तर्गत रु. ६ करोड ....लाख...हजारको कार्यक्रम स्विकृत भएकोमा रु. १ करोड ६० लाख २९ हजार निकासा भई रु. ५९ लाख २२ हजार मात्र आर्थिक बर्षको अन्तमा खर्च भएको देखियो । कार्यक्रम अनुसारको बजेट निकासा नभएको तथा निकासा भएको रकम समेत फिर्ता गरेको कारण स्पष्ट हुन आएन । | | | |
| ३१. | मूल्य अभिवृद्धि कर नियमावली २०५३ को नियम १८ अनुसार तोकिएको ढाँचामा विल विजकको नम्वर सहितको विल जारी गर्नु पर्नेमा निम्न भौ.नं. तथा मितिबाट निम्न फर्मबाट सेवा लिए वापत रकम भूक्तानी गरेकोमा हातले लेखेको विल प्रयोग गरेकोले उक्त रकम भ्याट समायोजन गरेको प्रमाण पेश हुनुपर्ने रु. | | | ५७०७२.०० |

| **भौ.न मिति** | **विवरण** | **भुक्तानी रकम** | **मू . अ. कर रकम** |
|---|---|---|---|
| २६.२०७५। ३।२५ | हिमालय कष्ट्ररक्शन बाटो मर्मत | ४९६०८४.०० | ५७०७२.०० |

| | | |
|---|---|---|
| ३२. | **मूल्य अभिवृद्धी कर समायोजन :** मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम २६ मा मु.अ.करमा दर्ता भएका करदाताले अनुसूची-१० बमोजिम महिना भूक्तान भएको कर विवरण पच्चिस दिनभित्र सम्बन्धित कर अधिकृत समक्ष पेश गर्नुपर्ने व्यवस्था छ । कार्यालयले देहायका निर्माण व्यबसायीलाई रु.२४९,४१,०८०१- (मू.अ.कर समेत) भुक्तानी दिएकोमा आन्तरिक राजस्व विभागको वेभसाइट अनुसार नीज करदाता २०७३ आषाढ देखि Non-Filer देखिएकोले आयकर तथा मूल्य अभिवृद्धि कर विवरण सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा दाखिला गरेको नदेखिएकोले उक्त फर्महरुलाई भूक्तानी दिएको रु.२८,६९,३२८.००sf]मूल्य अभिवृद्धी कर समायोजनपत्र पेश हुनुपर्ने देखिएको रु............. | २८६९३२८.०० |

| **भौ नं /मिति** | **निर्माण व्यवसायी** | **भूक्तानी रकम** | **भ्याट रकम** |
|---|---|---|---|
| ३२७-०७४/०७/१३ | श्री रवि कन्स्ट्रक्सन( ६००२६७२५४) | 514500.00 | 59190.00 |
| ५१८-०७४/१२/१९ | के.एस./सावद जे. भि. | 24426580.00 | 2810138.00 |
| | **जम्मा** | **24941080.00** | **2869328.00** |

| | | |
|---|---|---|
| | **स्वास्थ्य तर्फ :** | |
| ३३. | **पूँजीगत शिर्षकबाट चालु खर्चः** कार्यालयले बजेट विनियोजन गर्दा चालु प्रकृतिको खर्चलाई चालु बजेटमा राखी खर्च लेख्नुपर्ने व्यवस्था रहेको छ । नगरपालिका | |

| | | |
|---|---|---|
| | कार्यालयले सबैका लागि शिक्षा, आयुर्वेद, स्वास्थ्य जस्ता अन्य विषयगत निकायका तलब भत्ता र प्रशासनिक खर्चलाई चालु बजेटमा विनियोजन गरी खर्च लेख्नुपर्नेमा पूँजीगत शिर्षकमा विनियोजनगरी खर्च लेखेको देखियो । पूँजीगत प्रकृतिको खर्च मात्र पूँजीगत शिर्षकबाट खर्च लेख्नुपर्नेमा उल्लेखित निकायको चालु प्रकृतिको खर्च रु.२७,५६,९३,८५८।- पूँजीगतमा विनियोजन गरी खर्च गरेको नियमसंगत देखिएन । चालु प्रकृतिको खर्च चालु बजेटमा समावेस गरी खर्च गर्नुपर्दछ । | |
| | **शिक्षा तर्फ :** | |
| ३४. | **बिद्यालय निकासा खाता** : कार्यालयले शिक्षा ऐन तथा निमावलीले तोकेको ढांचामा विद्यालयलाई निकासा जाने सबै किसिमका रकम देखिने गरी निकासा खाता राख्नुपर्दछ । कार्यालयले यो बर्ष उप महानगर पालिका भरीका ७५ भन्दा बढि आधारभूत विद्यालय र माध्यामिक विद्यालयहरुलाई तलब भत्ता, छात्रबृति रकम ब्यबस्थापन अनुदान ,भौतिक निमार्ण अनुदान गरी रु २४,६२,४४,७७५।- निकासा गरेकोमा निकासा खाता अभिलेख तयार गरेको छैन । यसको असर दोहोरो तथा बढि निकास भएको छैन भनि एकिन साथ भन्ने अबस्था रहेको छैन । | |
| ३५. | **बढी निकासा :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(८) मा कुनै रकम भुक्तानी गर्दा रीत पुगे नपुगेको जाँच गरी भुक्तानी दिनुपर्ने व्यवस्था छ । नगरपालिका अन्तर्गतका विद्यालयमा शिक्षक दरबन्दी तथा माग फाराम भन्दा बढी देहाय अनुसार बढी निकासा भएको देखिएकोले बढी निकासा गरेको रु. 209843.60 असुल हुनुपर्ने देखिएको रु......... | 209843.60 |

| विद्यालयकोनाम | प्रथम चौमासिक | दोस्रो चौमासिक | तेस्रो चौमासिक | जम्मा माग रकम | जम्मानिकासा | बढी निकासा |
|---|---|---|---|---|---|---|
| श्री सर्वोदय मा.वि. सिगाउं | 699,952.00 | 571,568.00 | 603,073.00 | 1,874,593.00 | 2,084,436.60 | 209,843.60 |

| | | |
|---|---|---|
| ३६. | **मूल्य अभिवृद्धी करको जानकारी :** मूल्य अभिवृद्धी कर नियमावली को नियम ६क बमोजिम सरकारी निकाय, सार्वजनिक संघ संस्था र मू.अ.करमा दर्ता भएको व्यक्तीले मू.अ.कर भुक्तानीको जानकारी सम्बन्धित कर कार्यायमा दिनुपर्नेमा नगरपालिकाले यस आ.व. मा गरेको मू.अ.कर भुक्तानीको जानकारी सम्बन्धित कर कार्यालयमा पठाएको पाइएन । | |
| ३७. | **पेश्की फछ्र्यौट** : vl/bf/ >L dx]z k\|;fb bfxfnsf] gfddf ?= 390000.- k]ZsL lgsf;f u/L k]ZsL km%\of}{^ ubf{ lgDg adf]lhd b]lvof] M | |
| ३७.१. | प्रदेश सरकारद्धारा प्रकाशित स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुले पाउने सुविधा सम्बन्धी ऐन, २०७५ दफा १२ मा यस ऐनमा उल्लेखित सुविधा बाहेक अन्य सुविधा दिन नहुने उल्लेख छ । कार्यालयले ldlt 2075.03.10 / 23 df a;]sf] gu/ ;efdf pkl:yt kbflwsf/L tyf hgk\|ltlglwx?nfO{ a}&s eQf jfkt ljt/)f u/L ?= 3,90,000.- k]ZsL km%\of}{^ ul/ sfg'g adf]lhd jfx]ssf] j}&s eQf ljt/)f u/]sf]n] lgoldt gb]lvPsf] ?==== | 390000.00 |

| | | |
|---|---|---|
| ३८. | **पेश्की बांकी :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ७४(३) मा तोकिएको म्यादभित्र तोकिएको कार्यविधि अपनाई फछ्र्यौट गर्नु गराउनु पेस्की लिने दिने दुवै थरीको कर्तव्य हुने व्यवस्था छ । कार्यालयले विभिन्न उपभोक्ता समिति तथा निर्माण व्यवसायीहरुलाई दिईएको पेश्कीहरुमध्ये लेखापरीक्षण अवधिसम्म फछ्र्यौट हुन बांकी देखिएको पेश्की रु...... | 4486710.00 |

| सि. नं | खर्च शीर्षक | पद र नाम | पेश्की रकम |
|---|---|---|---|
| १. | चालुतर्फ | श्री योगेन्द्र मल्ल | 100000.00 |
| २. | पुँजीगततर्फ | के.पि. निर्माण सेवा | 588000.00 |
| ३. | | सनराईज कन्स्ट्रक्सन | 661000.00 |
| ४. | | सु.प. फुटवल क्लब | 125000.00 |
| ५. | | कुँवर कन्स्ट्रक्सन, अछाम | 240710.00 |
| ६. | | कुँवर विल्डर्स,धनगढी | 172000.00 |
| ७. | | विनोद निर्माण सेवा | 520000.00 |
| ८. | | के.एस./तेडी जे.भी. | 2080000.00 |
| | | **जम्मा** | **4486710.00** |

| | | |
|---|---|---|
| ३९. | **आन्तरिक लेखापरीक्षण प्रतिवेदनको कार्यान्वयनः** स्थानिय सरकार संचालन ऐन, २०७४ को दफा ७७(३) मा आन्तरिक लेखापरीक्षणबाट औंल्याएको बेरुजु अन्तिम लेखापरीक्षण हुनुभन्दा अगावै असूल फछ्र्यौट गर्नुपर्ने व्यवस्था रहेको छ । कार्यालयले देहायका आन्तरिक लेखापरीक्षणबाट औंल्याएको बेरुजु फछ्र्यौट गरेको नदेखिएकोले असूल फछ्र्यौट गर्नुपर्दछ । | |
| ४०. | **बित्तीय जवाफदेहिता मूल्यांकन :** कार्यालयले विभिन्न ऐन कानुन एवं कार्यविधिमा भएको व्यवस्थाको पालना गरी बित्तीय जवाफदेहिताको सर्त उच्च राख्नु पर्दछ । व्यवस्थापकीय, वित्तीय व्यवस्थापन, सेवा प्रवाह र खरिद व्यवस्थापन पक्षसँग सम्बन्धित विभिन्न २० सूचकको आधारमा यस कार्यालयको वित्तीय जवाफदेहिता मूल्यांकनबाट प्राप्त नतिजा अनुसूची-१ मा उल्लेख छ । मूल्यांकन अनुसार निकायबाट प्रवाह हुने सेवाको नागरिक बडापत्र तथा सेवाको गुणस्तर सुधारका सम्बन्धमा उपयुक्त उपायहरुको अवलम्वन नभएको, खरिद विधिको पालना नभएको, ठेक्का व्यवस्थापनमा समयतालिकाको पालना नभएको, ठेक्काको सम्झौताअनुसार खरिद कारबाहीको सम्पन्नता तथा सम्झौताअनुसार खरिद कार्य नभएको, तोकिएको मापदण्डअनुसार सार्वजनिक निर्माण तथा खरिद कार्यको गुणस्तर निर्क्यौल नगरेको जस्ता वयहोराहरु देखिन आएकोले सो बमोजिम कार्यालयको वित्तीय जवाफदेहिताको स्तरले "B" ग्रेडिङ प्राप्त गरेको छ । वित्तीय जवापदेहिताको स्तरमा सुधार लयाउनु पर्दछ । | |

| | | |
|---|---|---|
| ४१. | **सम्परीक्षण :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ ले बेरुजु फछ्र्यौट गर्ने व्यवस्था गरेकोमा कार्यालयले २०७३।७४ को बेरुजु देहाय अनुसार रु.३०,५७,१७६।- सम्परीक्षण भएकोमा भएको छ। | |

| सि. नं | दफा नं | बिबरण | सम्परीक्षण रकम |
|---|---|---|---|
| १ | २७ | ना.सु श्री मोहन बहादुर खड्का बिल भरपाई पेश | १४००००.०० |
| २ | २६.१ | कृषि बिकास बैक हिसाब मिलान | ९७१०.०० |
| ३ | २६.३ | पेश्की हिसाब मिलान गर्नुपर्ने रकम हिसाब मिलान भएको | ५०२६००.०० |
| ४ | २८.१ | प्राबिधिक परीक्षण गरेको प्रमाण पेश भएको | २७०००.०० |
| ५ | २० | सेती ह्यम पाइप विद्युत पोल बितरणको प्रमाण पेश | २३७७८३६.०० |
| ६ | १९ | बहाल बिटौरीकर अलग किस्तामा बुझाएको | ० |
| ७ | २२ | सार्वजनिक परीक्षण जांचँपास फरफारक गरेको प्रमाण पेश | ० |
| | | **जम्मा** | **३०५७१४६.००** |

| | | |
|---|---|---|
| ४२. | **बेरुजु :** उपमहानगरपालिकाको प्रारम्भिक प्रतिवेदन अनुसार यो वर्ष असुल गनुपर्ने रु. १८ लाख २१ हजार, नियमित गर्नुपर्ने रु. २४ लाख ८७ हजार, प्रमाण कागजात पेश नभएको बेरुजु रु. १ करोड १४ लाख २१ हजार र पेश्की बाँकी देखिएको रु. ५९ लाख ९२ हजार समेत रु. २ करोड १७ लाख २१ हजार बेरुजु कायम भएकोमा प्राप्त प्रमाण कागजात सहित प्रतिकृयाबाट रु. १ कारोड २१ लाख ८६ हजार फछ्र्यौट भई रु. ९५ लाख ३५ हजार बेरुजु कायम भएको छ। | |
| ४३. | **अनुगमन तथा मूल्याङ्कन :**स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ मा बेरुजु फछ्र्यौट गर्नुपर्ने तथा सोही ऐनको दफा ८४(२)(घ) बमोजिम बेरुजु फछ्र्यौट गर्ने, गराउने काम कर्तव्य प्रमुख प्रशासकीय अधिकृतको हुने व्यवस्था छ। कार्यालयले गत वर्षको बेरुजु फछ्र्यौट गरेको देखिएन। गत वर्षको बेरुजु स्थिती निम्नानुसार देखिएको छ :<br><br>(रु. हजारमा) | |

| गत वर्षको बेरुजु रकम (रु.) (A) | यो वर्ष फछ्र्यौट (B) | बाँकी (C= A-B) |
|---|---|---|
| ३७४६१ | ३०५७ | ३४४०४ |

| | | |
|---|---|---|
| ४४. | **अद्यावधिक बेरुजु स्थिति :** उप-महानगरपालिकाको आर्थिक वर्ष २०७४।७५ सम्मको फछ्र्यौट गर्न बाँकी बेरुजु स्थिति देहाय अनुसार रहेको छ :<br><br>(रु. हजारमा) | |

| गत वर्षसम्मको फछ्र्यौट गर्न बाँकी (रु.) (C) | यो वर्षको सं प.बाट कायम बेरुजुरु. (D) | यो वर्षको कायम बेरुजुरु. (E) | बाँकी (F= C+D+E) |
|---|---|---|---|
| ३४४०४ | ० | ९५३५ | ४३९३९ |

अनुसूची-१

# धनगढी उप-महानगरपालिका

## बेरुजु वर्गीकरण
## २०७४।७५

**(रु.हजारमा)**

| प्रारम्भिक बेरुजू | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | बाँकी बेरुजू | | | वाँकी बेरुजू | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| दफा संख्या | | | दफा संख्या | | | दफा संख्या | | | | नियमित गर्नुपर्ने | | | | | पेश्की | | | |
| सैद्धान्तिक | लगती | रकम | सैद्धान्तिक | लगती | रकम | सैद्धान्तिक | लगती | रकम | अशुल गर्नुपर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजश्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | मोविलाईजेशन | कर्मचारी | अन्य | जम्मा |
| ३३ | १६ | २२०२० | ० | ११ | १२१८६ | ३३ | ५ | ९५३५ | २११ | १९१२ | २९२५ | ० | ० | ४८२७ | ० | ० | ४४८७ | ४४८७ |

अनुसूची-२

# सञ्चित कोष विवरण
## २०७४।७५

**(रु.हजारमा)**

| आय | | | | जम्मा आय | व्यय | | | | मौज्दात |
|---|---|---|---|---|---|---|---|---|---|
| गत वर्षको जिम्मेवारी | समानीकरण अनुदान | सशर्त तथा अन्य बजेट अनुदान | अन्य आय | | चालु खर्च | पूँजीगत खर्च | अन्य खर्च | जम्मा खर्च | |
| १ | २ | ३ | ४ | ५ (२+३+४) | ६ | ७ | ८ | ९ (६+७+८) | १० (१+५-९) |
| ५२३१८ | ५२९५८७ | ४३६५६५ | १३७७६३ | ११०३९१५ | ७८५३८० | ४७८६ | १८५४५७ | ९७५६२३ | १८०६१० |